नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## संयुक्त निरीक्षण अनुगमन गरी जरिवाना गरीएको सम्बन्धी विवरण

यस विभागबाट मिति २०८३/०३/२४ गते **असुरक्षित तरिकाले ढुवानी गरेको मासु** प्रयोग गरी परिकार तयार गरेको उजुरी गुनासो सम्बोधन गर्ने क्रममा बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग सहितको संयुक्त अनुगमन टोलिद्वारा देहायको खाद्य व्यवसायको अनुगमन निरीक्षण गरी तपसिलमा उल्लेख भए अनुसार आवश्यक कारबाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | निर्देशन/कारबाही/कैफियत |
|---|---|---|---|
| १ | जिरे खुर्सानी दरबार, मध्यपुर थिमी-०१ | • मिति २०८३-०३-२१ मा बिभागमा जिरे खुर्सानी दरबारले **असुरक्षित तरिकाले ढुवानी गरेको मासु** प्रयोग गरी परिकार तयार गरेको सम्बन्धमा परेको उजुरी सम्बोधन गर्न अनुगमन गरी मासुको नमुना संकलन गरेर केन्द्रिय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा परिक्षण गर्न पठाइएको र सोही मितिमा भण्डारण गरी राखेको कुखुराको काँचो मासु करीब चौध (१४.२ के.जी., तन्दुरी काँचो मासु करीब पाँच (५) के.जी. र फ्रिजमा भण्डारण गरी राखेको श्रोत नखुलेको करिब करीब अठार (१८) के.जी. विक्रिवितरण तथा परिकार बनाउँन रोक्का गरीएको थियो।<br>• उक्त मासुको प्रयोगशालाबाट परिक्षण गराँउदा स्वास्थ्यका लागि हानीकारक सुक्ष्म जीवाणुको उपस्थिति भएको परिक्षण प्रतिवेदन प्राप्त भएकोले आज (मिति २०८३-०३-२४) मा पुनः अनुगमन निरिक्षण गरीएको। | • विवरणमा उल्लेखित परिमाणको मासु मानव उपभोगको लागि असुरक्षित भएकोले नष्ट गरियो<br>• उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३८ को खण्ड ङ बमोजिमको कसुर गरेको हुँदा सोही ऐनको दफा ३९ को उपदफा १ को खण्ड ख बमोजिम रु २,०५,०००/- जिरे खुर्सानी दरबारलाई जरिवाना गरियो। |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः१ वटा** | | | |

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०३/२४

# अनुगमनका केहि झलकहरु








